फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लवाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०६

यस फेदाप गाउँपालिकामा तपशिल बमोजिमका पदमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको समयमा यस कार्यालयबाट निर्धारित फारम भरी तोकिएको शुल्क तिरी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| बिज्ञापन नं. | पद | तह | माग संख्या | दस्तुर रकम रु. |
|---|---|---|---|---|
| ०१-२०८१/०८२ | कम्प्युटर अपरेटर | सहायकस्तर पाचौं | १ | ७००। |

१. संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः
   - ✓ नेपाली नागरिकताको प्रमाणपत्र ।
   - ✓ शैक्षिक योग्यताको प्रमाणपत्र ।
   - ✓ तालिम तथा अनुभव सम्बन्धी कागजातहरु ।

२. योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरि रजिस्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर कोर्ष पुरा गरेको हुनु पर्नेछ ।अथवा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

३. परिक्षाको किसिमः लिखित, प्रयोगात्मक र मौखिक

४. पाठ्यक्रमः प्रदेश लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।

५. दरखास्त पाउने ठाउँः फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम ।

६. दरखास्त दिने प्रक्रियाः बुँदा नं. १ मा उल्लेखित कागजातहरु स्वयं प्रमाणित गरी तोकिएको दस्तुर यस गाउँपालिकाको राजश्व शाखामा जम्मा गरी सक्कल भौचर साथ आवेदन फारम भरी स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ ।

७. उमेरः १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

८. काम गर्नु पर्ने स्थानः फेदाप गाउँपालिकाको कार्यक्षेत्र भित्र ।

९. तलव भत्ता तथा अन्य सुविधाः करार सम्झौतामा उल्लेख भए बमोजिम ।

१०.दरखास्त दस्तुर बुझाउने अन्तिम मितिः२०८१/०४/२० गते कार्यालय समयमा ।

११.थप जानकारीको लागीः ९८५२०८०६००।

१२.परीक्षा मिति संक्षिप्त सूची प्रकाशन गर्दा तोकिनेछ ।

१३.नोटः यस सूचनामा उल्लेख भए बाहेकका बिषयहरु करार सेवा पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

द्रष्टब्यः रितपुर्वक पेश नभएको तथा म्याद नागी दर्ता हुन आएको आवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन। छनोट समितिले मापदण्ड पुरा गरेका आवेदकलाई मात्र छोटो सुचीमा समावेश गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत